नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग

टेकु, काठमाण्डौ

पत्र संख्याः- २०८२/०८३

चलानी नम्बरः ९४८

मितिः- २०८२/०७/११

ने.सं. ११४६ कछलाथ्व षष्ठी

श्री आयुर्वेद चिकित्सालय नरदेवी, काठमाडौं ।

श्री त्रि.वि. आयुर्वेद शिक्षण अस्पताल, किर्तिपुर ।

श्री प्रादेशिक आयुर्वेद चिकित्सालय, बजिौरी दाङ ।

श्री प्रादेशिक आयुर्वेद चिकित्सालय, लखनपुर झापा।

श्री प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, सुर्खेत ।

श्री प्रादेशिक आयुर्वेद चिकित्सालय, कैलाली ।

श्री गण्डकी आयुर्वेद अस्पताल, कास्की ।

श्री धौवलागिरी आयुर्वेद अस्पताल, बाग्लुङ ।

श्री लुम्बिनी आयुर्वेद चिकित्सालय, बुटवल, रुपन्देही ।

श्री राप्ति आयुर्वेद चिकित्सालय तुलसीपुर, दाङ ।

श्री प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, काठमाडौं ।

श्री प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय,मकवानपुर ।

श्री प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, चितवन ।

श्री प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, नुवाकोट

श्री प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय,ललितपुर ।

श्री प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, भक्तपुर ।

श्री प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, पर्सा ।

श्री प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, धनुषा ।

श्री प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, सर्लाही

श्री प्रदेश आयुर्वेद तथा वैकल्पिक चिकत्सिालय, तनहुं ।

श्री जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ ।

श्री आयुर्वेद स्वास्थ्य केन्द्र, बर्दिया ।

श्री आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख।

श्री आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला ।

विषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं.२०८२/०८३/२/नि.यो., च.नं. ३३२, मिति २०८२/०६/०८ को पत्रानुसार नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तरको मिति २०८२/०५/०१ को निर्णयानुसार **"बालबालिकाका लागि स्वर्णविन्दु प्राशन कार्यक्रम सञ्चालन निर्देशिका, २०८२"** स्वीकृत भइसकेकोले कार्यान्वयनको लागि यसै साथ पठाईएको व्यहोरा अनुरोध छ।

.............................

डा. श्याम बाबु यादव

नि.महानिर्देशक

तपसील

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,

नीति योजना तथा अनुगमन महाशाखा, रामशाहपथ, काठमाडौं ।



फोन ☎ नं. : ०१-५३५२५२५, ५३६७४२५, ५३६९९१०, ११

फ्याक्सः ०१-५३६९९१२

Email: info@doaa.gov.np, doaa.gov.np@gmail.com

Website: www.doaa.gov.np

# बालबालिकाका लागि स्वर्ण बिन्दु प्राशन कार्यक्रम सञ्चालन निर्देशिका,२०८२

*मा. मन्त्रीस्तरको मिति २०८२।०५।०१ को निर्णयानुसार स्वीकृत*

**प्रस्तावनाः** कौमारभृत्यको मूल ग्रन्थ काश्यपसंहिताको लेह अध्यायमा स्वर्ण बिन्दु प्राशनको वर्णन गरिएको छ। आयुर्वेदको ग्रन्थ एवं शास्त्रीय मतानुसार बालबालिकाहरुको शारीरिक तथा मानसिक विकासका साथै रोग प्रतिरोधात्मक क्षमता बढाउन प्रचलनमा रहेको स्वर्ण बिन्दु प्राशन कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारीरुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले,

जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका तयार गरिएको छ।

## परिच्छेद ०१

(१) <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम **बालबालिकाका लागि स्वर्ण बिन्दु प्राशन कार्यक्रम सञ्चालन निर्देशिका, २०८२** रहनेछ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(२). <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा;-

(क) "**स्वास्थ्य संस्था**" भन्नाले बालबालिकाको लागि स्वर्णप्राशन कार्यक्रम सञ्चालन गर्ने दफा ३ मा उल्लेखित आयुर्वेद औषधालय, आयुर्वेद स्वास्थ्य केन्द्र, चिकित्सालय र शिक्षण अस्पताल सम्झनुपर्दछ।

(ख) "**कार्यक्रम**" भन्नाले बालबालिकाको शारीरिक, मानसिक वृद्धि र विकासका लागि खुवाईने स्वर्णविन्दु प्राशन सहितको प्रवर्द्धनात्मक सेवालाई सम्झनुपर्दछ।

(ग) "**आयुर्वेद चिकित्सक**" भन्नाले नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएका चिकित्सक सम्झनुपर्छ।

(घ) **स्वास्थ्यकर्मी**" भन्नाले सम्बन्धित परिषदमा दर्ता भएका स्वास्थ्यकर्मी सम्झनुपर्छ।

(ङ) "**ड्रग एण्ड थेराप्युटिक कमिटी**" भन्नाले फार्मेसी सेवा निर्देशिका २०७८ को दफा ३ बमोजिम गठन हुने समिति सम्झनुपर्छ।

(च) "**स्वर्ण भष्म**" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त आयुर्वेद औषधी उद्योगमा शास्त्रीय विधिद्वारा तयार एवं विक्रि वितरणका लागि अनुमति (Certificate of Analysis & Material Safety data Sheet) प्राप्त स्वर्ण भष्म सम्झनुपर्छ।

(छ) **"स्वर्णविन्दु"** भन्नाले शास्त्रीय विधिद्वारा तयार गरिने तोकिएको मात्रामा स्वर्ण भष्म, मधु र ब्राम्ही घृतलाई विधिपूर्वक मिलाएर तयार पारिएको अर्धतरल सम्मिश्रण सम्झनुपर्छ।

(ज) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनुपर्दछ।

(झ) **"विभाग"** भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतको आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा विभागलाई सम्झनुपर्दछ।

**(३). उद्देश्य:** यस निर्देशिकाको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) स्वर्णप्राशनको शास्त्रीय तयारी विधिलाई मानकीकरण गर्नु।

(ख) सुरक्षित, सरसफाइयुक्त र प्रभावकारी रूपमा यसको सेवन सुनिश्चित गर्नु।

(ग) पारम्परिक आयुर्वेदिक पद्धतिलाई आधुनिक सुरक्षा र गुणस्तर मापदण्डअनुसार संरक्षण गर्नु।

(घ) आयुर्वेद औषधालय, स्वास्थ्य केन्द्र, आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पतालतथा आयुर्वेद शिक्षण अस्पतालमा प्रयोगका लागि मार्गदर्शन प्रदान गर्नु।

(ङ) स्वर्णविन्दु प्राशनबाट बाल तथा मातृशिशु स्वास्थ्य सम्वर्धनका कार्यक्रम सञ्चालन गर्नु।

## परिच्छेद २

## कार्यक्रमको लक्षित समूह, पूर्वतयारी र सञ्चालन

**(४) लक्षित समूह:** यस कार्यक्रमबाट१२ महिनादेखि ५ वर्षसम्म वर्ष सम्मका बालबालिकाहरु लाभान्वित हुनेछन्।

**(५) निषेधित समूह:** यस कार्यक्रममा ज्वरो, अजीर्ण, झाडा पखाला, आउँ, रुघा खोकी सर्दी मर्की भएका बालबालिकाहरुलाई सहभागी गराईने छैन।

**(६) कार्यक्रम सञ्चालन हुने स्थान:** यस निर्देशिका बमोजिमका क्रियाकलापहरु पहिलो चरणमा अनुसूची १ बमोजिमका स्थानहरूमा आ.व. २०८२/०८३ मा प्रारम्भ भई क्रमशः देशभरका स्थानीय तह, प्रदेशस्तर तथा संघीय आयुर्वेद स्वास्थ्य संस्थाहरुमा लागू हुनेछ साथै सामुदायिक स्वास्थ्य कार्यक्रमहरु पुष्य नक्षत्रको अवसरमा आयोजना गरिने स्वास्थ्य शिविरहरूमा समेत लागू हुनेछ।

(७) **जिम्मेवारीः** यस कार्यक्रम सञ्चालनमा निम्न बमोजिमका जनशक्तिको जिम्मेवारी देहाय बमोजिमको हुनेछन्:-

- **तयारी**: यस कार्यक्रमको सञ्चालनका लागि कार्ययोजना सहित स्वास्थ्य संस्थामा भएको अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८ बमोजिम ड्रग एण्ड थेराप्युटिक कमिटिका योग्य आयुर्वेदिक चिकित्सक, आयुर्वेद फार्मासिस्ट, आयुर्वेद स्वास्थ्य सहायकले तयारी गर्नुपर्नेछ।
- **सेवन गराउने**: आयुर्वेद स्वास्थ्य कार्यकर्ता (बैद्य, कविराज, आयुर्वेद सहायक, आयुर्वेद सह सहायक), आयुर्वेद चिकित्सक।
- **अनुगमन**: सम्बन्धित कार्यालय प्रमुख/स्वास्थ्य निर्देशनालय/ प्रदेश स्वास्थ्य मन्त्रालय/ आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| भूमिका | जिम्मेवारी |
|---|---|
| आयुर्वेद चिकित्सक/ शाखा प्रमुख | मात्रा निर्धारण, अनुपान चयन, निषेध मूल्याङ्कन, नतिजा अभिलेख, निर्देशिकाको पालना सुनिश्चित गर्ने। |
| आयुर्वेद फार्मासिस्ट/ आयुर्वेद सहायक | सामग्री तौल, घोट्ने प्रक्रिया, सरसफाइ, औषधीको मात्रा तयार पार्ने, सेवन गराउने, निगरानी। |

(८) **आवश्यक सामग्रीहरू:**

**क. औषधि र तिनीहरूको कार्यः**

| सामग्री | कार्य |
|---|---|
| स्वर्ण भष्म | रोग प्रतिरक्षा वृद्धि, बौद्धिकता अभिवृद्धि, |
| मह | योगवाहि (प्रवर्तक), संरक्षक, स्वादिष्ट बनाउने |
| ब्राह्मी घृत | अवशोषण वृद्धि, मास्तिष्क्य, मेधा, वाणी र स्मरणशक्ति अभिवृद्धि |

(९) **स्वर्ण भष्म र औषधीय सामान आपूर्तिः** नेपाल सरकारबाट ईजाजत प्राप्त उत्पादक वा आपूर्तिकर्ताबाट स्वर्ण भष्म, ब्राह्मी घृत र अन्य आवश्यक सामग्रीहरू प्राप्ति गर्ने र कोठाको तापक्रममा (सामान्यतः २५ देखि २८ डिग्रि सेन्टिग्रेड) भण्डारण गर्ने। सिधा सुर्यको प्रकाश र फ्रिजमा नराख्ने। चिसो मौसममा घ्यू/मह जम्ने हुदा यसलाई अप्रत्यक्ष तापले (Indirect heat/ Hot water bath) द्रवीय स्वरुपमा ल्याउने।

(१०). **उपकरणहरू:**

- डिजिट्ल तौल यन्त्र (०.१ मि. ग्रा सम्म तौल गर्न सक्ने)
- Measuring Cylinder
- कांस्य वा चाँदीको खल्व यन्त्र
- निःसंक्रमित कचौरा वा उपयुक्त भाँडो र ड्रॉपरहरू
- लेबल र लगबुक
- पन्जा, मास्क, स्यानिटाइजर
- हावा नछिर्ने सिसाको कन्टेनर

(११) **तयारी प्रक्रियाः यस कार्यक्रमका लागि आवश्यक स्वर्णप्राशन तयार गर्न देहायका चरणहरु पुरा गरेको हुनुपर्दछः-**

(क) **पूर्वतयारी निर्देशनः**

- **व्यक्तिगत सरसफाइ**ः सबै कर्मचारीले सरसफाईका उपायहरु जस्तै हात धुने, पन्जा र मास्क लगाउने आदिको पूर्णरुपमा पालना गर्ने।
- **सामग्री प्रमाणीकरण**ः स्वर्ण भष्मको विश्लेषण प्रमाणपत्र (COA) जाँच्ने। अशुद्धता, भारी धातुको प्रदूषण नभएको सुनिश्चित गर्ने।
- नेपाल सरकार खाद्य तथा गुण नियन्त्रण विभागद्वारा मान्यता प्राप्त शुद्ध मह प्रयोग गर्ने।
- नेपाल सरकारको उत्पादन स्वीकृती प्रदान गरेको निकायद्वारा उत्पादित/ विक्रि वितरणका लागि प्रमाणपत्र वाहक ब्राह्मी घृत प्रयोग गर्ने।
- उपकरण र भाँडाहरूलाई निःसंक्रमित गर्ने।
- कार्यस्थल सफा र सुग्घर राख्ने।

(ख) **मिश्रण अनुपात**ः स्वर्ण प्राश तयार गर्दा देहायको अनुपातमा सम्मिश्रण तयार गर्नुपर्नेछ।

**औषधी घटक द्रव्यहरुः** स्वर्ण भष्म, मह, ब्राह्मी घृत।

(ग) **चरणहरू:**

१. **तौलः** अनुमानित सेवाग्राहिका आधारमा चिकित्सकले सिफारिस गरेको मात्रामा सामग्री तौल गर्ने।

२. **घोट्नेः**

○ खल्व यन्त्रमा स्वर्ण भष्म राख्ने।

○ त्यसमा सुरुमा तोकिएको मात्राबाट थोरै मह हालेर हल्का रूपमा घोट्दै विस्तारै मिलाउने।

○ मह र स्वर्ण मिश्रण भए पश्चात् विस्तारै तोकिएको मात्रामा ब्राह्मी घृत थपेर समरुप मिश्रण तयार पार्ने ।

○ सुरक्षितढङ्गबाट करिब ३ घण्टासम्म मर्दन गरी मिहिन सम्मिश्रण तयार पार्ने।

३. **निरीक्षणः**

○ एकरूपता, मिहिनसँग घुलेको र सुगन्धित भएको सुनिश्चित गर्ने।

४. **प्याकिङः**

○ तयारी गरिएको औषधिलाई हावा नछिर्ने काँचको बोतलमा राख्ने।

○ निर्माण मिति, प्रयोग अवधि (२४ घण्टा), डोज, ब्याच नम्बर उल्लेख गरि लेबल गर्ने।

**घ. स्वर्णप्राशन खुवाउने ड्रपरको मापदण्ड :**

○ एक मि.लि. क्यालिब्रेटेड ड्रपर (ग्र्याजुएटेड मार्किङ सहित)

○ बच्चाले नखोल्ने टोपि (**Child-Resistant Cap -CRC Certified**)

○ छेडछाड भएको देखिने छाप (**Tamper-Evident Seal**)

○ Bisphenol A free-रहित बोरोसिलिकेट ग्लास सामग्री

○ निष्क्रमणमुक्त प्याकेजिङ

**औसत मान (Average Estimate):**

१ थोपा : ०.०५ मि.लि.

२० थोपा : १ मि.लि.

<u>**नोटः**</u> बालकको प्रकृति र अवस्था अनुसार चिकित्सकले मात्रा परिवर्तन गर्न सक्छन्।

(१२) <u>स्वर्णप्राशको घटक, खुवाउने उपकरणको मानक मापदण्ड, सेवनकाल र मात्राः</u> यस कार्यक्रम सञ्चालन गर्दा देहायको समय, मात्रा र घटक अनुसार गर्नुपर्नेछ।

**(क) औषधीको सम्मिश्रण अनुपात एवं उमेर अनुसारको मात्रा**

| स्वर्ण भष्म | मह | ब्राह्मी घृत |
|---|---|---|
| ३ मिग्रा | १ मि.ली. | २ मि.ली. |

उपरोक्त अनुपातमा सम्मिश्रण तयार गर्नुपर्नेछ। यसरी कुल घोलको सम्मिश्रण १ मि. ग्रा. स्वर्णभष्म प्रति मि. लि. (घोलक) युक्त हुनुपर्नेछ।

**तयारि औषध मात्राः**

१ थोपा= ०.०५ मि.लि.

६ महिना देखि १ वर्ष सम्म -१ थोपा

१-२ वर्ष-२ थोपा

२- ५ वर्ष-४ थोपा

एक थोपा (drop) को आयतन सामान्यतः झोल पदार्थका लागि लगभग ०.०५ **मिलीलीटर (ml)** हुन्छ। तर यो प्रयोग हुने ड्रॉपरको प्रकार, घनत्व, चिपचिपोपन (viscosity), र तापमान अनुसार अलिकति फरक पर्न सक्छ।

**(ख) उपयुक्त समयः**

- बिहान सुर्योदय देखि पुष्य नक्षत्र।
- बालक खाली पेट हुनु उपयुक्त।

**(ग) स्वर्णप्राशन को विधि :**

- बालकलाई सहज रूपमा बसाल्ने।
- ड्रॉपर प्रयोग गरी औषधि मुखबाट खुवाउने।
- बालकले सम्पूर्ण मात्रा सेवन गरेको सुनिश्चित गर्ने।
- सेवनपछि ३० मिनेटसम्म आरामदायी हुनेगरी प्रतिक्षालय वा हलमा राखी निगरानी गर्ने।
- ब्याच नम्बर, मिति लगायतका विवरणहरु लगबुकमा लेख्ने।

**(घ) सेवनपछि निर्देशनः**

- अभिभावकलाई ३०मिनेटसम्म खाना नदिन सुझाउने।
- कुनै पनि प्रतिकूल असर देखिए तुरुन्त रिपोर्ट गर्ने।

(ङ) **परामर्श सेवा**: (१) बालबालिकालाई स्वर्णप्राशन गराईसकेपछि करिब ३० मिनेट पछि खाना/दुध खान निर्देशन दिने। सन्तुलित आहारको सेवन गर्न सिफारिश गर्ने।

(२) यस कार्यक्रममा सहभागी अभिभावकहरुलाई समुहगतरुपमा राष्ट्रिय बालस्वास्थ्य कार्यक्रमसँग तादाम्यता हुने गरी बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक प्रारम्भिक बालबिकास (स्वास्थ्य क्षेत्रका विषयहरु सम्मिलित) सम्बन्धी अवधारणा अनुरुप आयुर्वेदोक्त आहार, विहार र वातावरणका बारेमा परामर्श प्रदान गर्ने।

(३) यस कार्यक्रममा सहभागी स्तनपान गराईरहेका आमाहरुका लागि समुहगतरुपमा सुरक्षित मातृत्व कार्यक्रमसँग तादाम्यता हुने गरी स्तनपायी आमाका लागि आयुर्वेदोक्त (आहार, विहार र अनुकूल वातावरण) बारेमा परामर्श सेवा प्रदान गर्ने।

(च) **प्रयोग पश्चात को सावधानी**: स्वर्णप्राशन पश्चात कुनै शंकास्पद लक्षणहरु देखिएमा तुरुन्त चिकित्सकसंग सल्लाह लिन लगाउने र सो अनुसार लाक्षणिक चिकित्सा गर्ने। वाकवाकी, बान्ता, एलर्जी जस्ता तत्काल प्रतिक्रिया भए निगरानी गर्ने।

- व्यक्तिगत अभिलेख वा विरामी पूर्जामा मात्रा, मिति र समय लेख्ने।
- अभिभावकले कुनै असामान्य लक्षण देखे रिपोर्ट गर्न सुझाउने।

**(१३) <u>भण्डारण र म्याद</u>:** तोकिएको विधि बमोजिम तयारी भएको स्वर्णप्राशन देहाय बमोजिम हुने गरी भण्डारण र समयावधि भित्र प्रयोग गर्ने।

- प्रत्येक पटक ताजा तयारी उपयुक्त।
- भण्डारण गर्नु परेमा हावा नछिर्ने, चिसो र सुख्खा ठाउँमा राख्ने।
- तयारी भएको २४ घण्टाभित्र प्रयोग गर्नु उत्तम । ।

**(१४) <u>सेवनको आवृत्तिः</u>** १२ महिना देखि ५ वर्ष मूनिका बालबालिकालाई हरेक महिनामा एक पटक वा हरेक पुष्य नक्षत्रका दिनमा खुवाउन सकिनेछ।

**(१५) <u>सुरक्षा सावधानीहरूः</u>** यस कार्यक्रमको सञ्चालन अवधीभर गुणस्तर सुनिश्चितता एवं दीगोपनाका लागि निम्न बमोजिमका विषयहरु सुनिश्चित गरेको हुनुपर्छ।

- प्रमाणित स्वर्ण भष्म प्रयोग गर्ने। स्वर्ण भष्म गुणस्तरीय (GMP-certified) हुनुपर्छ।
- मिश्रण बनाउँदा **काँस वा स्टील वा चाँदीको भाँडो** मात्र प्रयोग गर्ने।
- सम्पूर्ण प्रक्रिया सरसफाइयुक्त राख्ने।
- आवश्यक मात्रा भन्दा बढी नबनाउने।
- बालमैत्री वातावरणमा स्वर्णप्राश खुवाउने।
- कुनै खास विशेष किसिमका वा मह घीउ तथा भष्मजन्य औषधीको एलर्जी भएका बालबालिकामा प्रयोग नगर्ने।
- गम्भीर एलर्जी वा कमजोर प्रतिरक्षा भएका बालकमा चिकित्सकसँग सल्लाह गरेर मात्र प्रयोग गर्ने।

## परिच्छेद ३

## विविध

(१६) **अभिलेखनः** (१) कार्यक्रम सञ्चालन गर्ने स्वास्थ्य संस्थाले नाम, उमेर, स्वास्थ्य अवस्था सहितको हरेक बालबालिकाको व्यक्तिगत विवरण अनुसूची -२ बमोजिम अभिलेखन गरी राख्नुपर्नेछ।

(२) हरेक महिना यस कार्यक्रममा सहभागी बालबालिकाको नाम नामेसी, मिति, समय, मात्रा विवरण सहितको एकिकृत रजिष्टर खडा गरी अनुसूची -३ बमोजिम विवरण राख्नुपर्नेछ।

(१७) **अनुगमन र मूल्यांकनः सेवा प्रदायक स्वास्थ्य संस्थाले देहाय बमोजिमको अभिलेख रव्यवस्थापन गर्नुपर्नेछः-**

(क) पहिलो महिनापछि प्रतिक्रिया र हरेक पटकमा अनुसूची - ४ बमोजिमका सूचकहरुमा आधारित बालबालिकाको वृद्धि र विकासको मूल्याङ्कन गर्ने।

(ख) स्वास्थ्य, बौद्धिक विकास आदिको निरन्तर मूल्याङ्कन गरी आवश्यक परे उपचार परिवर्तन गर्ने।

(ग) गम्भीर प्रतिक्रिया देखिएमा तुरुन्त रोक्ने।

(१८) **<u>प्राविधिक कार्यदलः</u>** (१) यस निर्देशिका बमोजिमका क्रियाकलापहरुको प्रभावकारी सञ्चालनका लागि विभागलाई प्राविधिक राय, सुझाव, अनुगमन मूल्याङ्कन र पृष्ठपोषणका लागि देहाय बमोजिमको कार्यक्षेत्र रहने एक प्राविधिक कार्यदल गठन गरिनेछ।

१. संयोजक- महाशाखा प्रमुख, आयुर्वेद चिकित्सा सेवा महाशाखा, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग

२. सदस्य- शाखा प्रमुख, आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

३. सदस्य- अनुसन्धान शाखा प्रमुख, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, कीर्तीपुर

४. सदस्य- विभागीय प्रमुख, बालरोग, त्रि वि आयुर्वेद शिक्षण अस्पताल कीर्तिपुर

५. सदस्य- विभागीय प्रमुख, स्त्री तथा प्रसूति, त्रि वि आयुर्वेद शिक्षण अस्पताल किर्तिपुर

६. सदस्य- विभागीय प्रमुख, बालरोग, प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरी

७. सदस्य- भेषज विज्ञ, जडिबुटी औषधि एवं अनुसन्धान महाशाखा, विभाग

८. सदस्य सचिव- शाखा प्रमुख, आयुर्वेद सेवा व्यवस्थापन शाखा

(१९) **<u>प्राविधिक कार्यदलको काम र कर्तव्यः</u>**

(क) यस कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि मानकीकृत सन्दर्भ सामाग्रीहरु तयार गरी सो बमोजिमको सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थाका लागि अभिमुखीकरण सञ्चालन गर्ने।

(ख) यस कार्यक्रमलाई उपलब्धिमूलक, लागत प्रभावी, जनसुरक्षित बनाउन प्रभावकारी नविनतम उपायहरु सिफारिश गर्ने।

(ग) यस कार्यक्रमको स्थलगत निरीक्षण, अनुगमन मूल्याङ्कन, सुपरीवेक्षण गरी समिक्षा एवं पृष्ठपोषण गर्ने

(घ) यस समितिले आवश्यकतानुसार अन्य विज्ञहरुलाई बैठक तथा अनुगमनका लागि आमन्त्रण गर्नसक्नेछ।

(२०) **<u>स्रोत व्यवस्थापन तथा दिगोपनाः</u>** (१) यस कार्यक्रमको सञ्चालनका लागि मन्त्रालयले वार्षिक बजेट विनियोजन गर्नेछ। सम्बन्धित स्वास्थ्य संस्थामा विनियोजन भएको कार्यक्रमलाई स्वर्ण बिन्दु प्राशन कार्यक्रम सञ्चालनका लागि आवश्यक औषधी तथा अन्य आवश्यक सामाग्री एवं मालसमान आवश्यकता खरिद गर्न सकिनेछ।

(२) यसको दीगोपनाको लागि सम्बन्धित स्वास्थ्य संस्थाले आफ्नो सेवाप्रदायक क्षेत्रको लाभग्राही र कार्यतालिका सहितको सूक्ष्म कार्ययोजना बनाउनुपर्नेछ।

(३) विभागले आवधिक समिक्षा सहितको राष्ट्रिय कार्ययोजना बनाउनुपर्नेछ।

(२१) **बाधा अड्काउ फुकाउः** (१) यस निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा भएमा मन्त्रालयले बाधा फुकाउ गर्नेछ।

(२२) **अनुसूची हेरफेरः** (१) यस निर्देशिकामा रहेका अनुगमन मूल्याङ्कन फारामसँग सम्बन्धित अनुसुचीहरु आयुर्वेद सूचना व्यवस्थापन प्रणालीसँग तादाम्यता हुने गरी विभागले हेरफेर गर्न सक्नेछ।

(२३) **गोष्ठी तथा बैठकः** यस कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि प्रदेश तह, जिल्ला तह र स्थानीय तहमा स्वास्थ्य संस्था र संलग्न हुने चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई देहाय बमोजिम हुनेगरी अभिमुखीकरण गोष्ठी, एवं बैठकहरु गरी पूर्वतयारी गर्नुपर्नेछ।

**क.प्रदेश तह**

१. प्रदेशस्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठीः १ दिन। यस बैठकमा प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरुका प्रमुखलाई स्वर्णप्राशन मानक संचालन प्रक्रिया बारे अभिखिकरण गर्ने ।

प्रदेशस्तरीय अभिमुखीकरण तथा बहस पैरवी बैठकः १ दिन।यो बैठकमा प्रदेशस्तरीय सरोकारवाला निकायका प्रतिनिधि र पत्रकार/सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गर्ने र स्वर्णप्राशन अभियानको वारेमा अन्तरक्रिया गर्ने।

ख. **जिल्लास्तरीय**

१. प्रदेशस्थित कार्यक्रम सञ्चालन गर्ने स्वास्थ्य संस्थाले जिल्लास्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठीः १ दिन। यस बैठकमा जिल्लास्थित आयुर्वेद स्वास्थ्य संस्थाहरुका प्रमुखले आ आफ्नो स्वास्थ्य संस्थामा स्वर्णप्राशन कार्यक्रम संचालन निर्देशिकाबारे अभिखिकरण गर्ने।

२. यो बैठकमा स्थानीय तह वडास्तरीय पदाधिकारीहरू, महिला स्वास्थ्य स्वयंसेविका, विद्यालय नर्स वा शिक्षिका प्रतिनिधि, स्वास्थ्य संस्था प्रमुख, सरोकारवाला अन्य निकायहरूका प्रतिनिधिसँग र पत्रकार/सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गर्ने र स्वर्णप्राशन अभियानको वारेमा अन्तरक्रिया गर्ने।

**ग. स्थानीय तह**

स्थानीय तह स्तरीय अभिमुखीकरण तथा बहस पैरवी बैठकः १ दिन । यो बैठकमा स्थानीय तह वडास्तरीय पदाधिकारीहरू, महिला स्वास्थ्य स्वयंसेविका, विद्यालय नर्स वा शिक्षिका प्रतिनिधि, स्वास्थ्य संस्था प्रमुख, सरोकारवाला अन्य निकायहरूका प्रतिनिधिसँग र पत्रकार/सञ्चारकर्मीहरूलाई स्वर्णप्राशन अभियान वारे अन्तरक्रिया गर्ने तथा पूर्वतयारी वारे अभिमुखीकरण गर्ने ।

## अनुसूची १
## (परिच्छेद २ को दफा ६ सँग सम्बन्धित)
## पहिलो चरणमा कार्यक्रम लागू हुने स्वास्थ्य संस्थाहरु

१. प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरी दाङ
२. त्रि वि आयुर्वेद शिक्षण अस्पताल कीर्तिपुर
३. आयुर्वेद चिकित्सालय नरदेवी
४. राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग सेवा केन्द्र बुढानीलकण्ठ
५. प्रादेशिक आयुर्वेद चिकित्सालय, धनगढी, सुदुरपश्चिम प्रदेश
६. प्रादेशिक आयुर्वेद चिकित्सालय, लखनपुर, झापा, कोशी प्रदेश
७. प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय,पर्सा, मधेश प्रदेश
८. प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय,धनुषा, मधेश प्रदेश
९. प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय,सर्लाही, मधेश प्रदेश
१०. आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, काठमाडौं, वागमति प्रदेश
११. आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, ललितपुर, वागमति प्रदेश
१२. आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, भक्तपुर, वागमति प्रदेश
१३. आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, चितवन वागमति प्रदेश
१४. आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, नुवाकोट, वागमति प्रदेश
१५. आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मकवानपुर, वागमति प्रदेश
१६. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरंग, कोशी प्रदेश
१७. गण्डकी आयुर्वेद अस्पताल, पोखरा, गण्डकी प्रदेश
१८. धौलागिरि आयुर्वेद अस्पताल, बागलुंग, गण्डकी प्रदेश
१९. प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, तनहुँ, गण्डकी प्रदेश
२०. लुम्बिनि आयुर्वेद चिकित्सालय, बुटवल, लुम्बिनी प्रदेश
२१. राप्ती आयुर्वेद चिकित्सालय, दांग, लुम्बिनी प्रदेश
२२. बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्, गुलरिया, लुम्बिनी प्रदेश
२३. प्रादेशिक आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, सुर्खेत , कर्णाली प्रदेश
२४. आयुर्वेद स्वास्थ्य केन्द्र, दैलेख, कर्णाली प्रदेश
२५. आयुर्वेद स्वास्थ्य केन्द्र, जुम्ला, कर्णाली प्रदेश

## अनुसूची-२

## (परिच्छेद ३ को दफा १६(१) सँग सम्बन्धित)

## स्वर्णप्राशन सेवन गर्ने लाभग्राहीको व्यक्तिगत अभिलेख फारम (नमूना कार्ड)

### १. बालबालिकाको विवरण

| | |
|---|---|
| बाल /बालिकाको नाम | |
| जन्म मिति | |
| उमेर | |
| लिङ्ग | |
| अभिभावकको नाम | |
| अभिभावको ठेगाना | |
| अभिभावकको पेशा<br>बाबुको<br>आमाको | |
| सम्पर्क नम्बर | |

### २. स्वास्थ्य पृष्ठभूमि

| | |
|---|---|
| कुनै औषधी, खाना वा अन्यको एलर्जीहरू भएः | |
| स्वास्थ्य इतिवृत्तिः | |
| हाल कुनै औषधि वा उपचार लिएको भएः | |
| खोप स्थिति | |

### ३. स्वर्णप्राशन मात्रा लग

| क्र.सं. | मिति | नाम थर | उमेर | सेवन मात्रा | सेवन समय | सेवन गराउने व्यक्ति | बालकको प्रतिक्रिया (सामान्य/ कुनै प्रतिक्रिया) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**४. बच्चाको शारीरिक जाँचः**

- तौल/वजनः —— कि. ग्रा.
- उचाईः ——.. सेन्टिमिटर
- MUAC (बच्चाको पाखुराको गोलाइ नाप):————से. मि.
- टाउकोको परिधि/ गोलाईः———————————— से. मि.
- छातीको परिधि/ गोलाईः———————————— से. मि.

# अनुसूची-३

## (परिच्छेद ३ को दफा १६(२) सँग सम्बन्धित)

**स्वर्णप्राशन अभिलेख तथा प्रतिवेदन ढाँचा** (Recording & Reporting Format)

प्रत्येक सेवाग्राहीको विवरण सहितको एकिकृत विवरण निम्नानुसार अभिलेख राखिनेछ।

स्वास्थ्य संस्थाको नामः

ठेगानाः

कार्यालय कोडः

आर्थिक वर्षः                                        महिनाको नामः

| **क्र.सं.** | **नाम** | **लिङ्ग** | **जन्म मिति** | **उमेर** | **प्रयोग मिति** | **मात्रा (थोपा)** | **टिप्पणी / प्रतिक्रिया** |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

प्रतिवेदन पेश गर्नेः

नाम थर

पदः

मितिः

प्रतिवेदन प्रमाणित गर्नेः

नाम थर

पदः

मितिः

## अनुसूची-४

(परिच्छेद ३ को दफा १७(क) सँग सम्बन्धित)

**स्वर्ण बिन्दु प्राशन पछि लाभको मूल्याङ्कन ढाँचा (Evaluation Format)**

तल दिइएका सूचकहरूको आधारमा हरेक बच्चाको मासिक मूल्याङ्कन गरिनेछ।

| क.सं. | सूचक (Indicator) | पूर्व स्थिति (Before) | पश्चात स्थिति (After) | टिप्पणी (Remarks) |
|---|---|---|---|---|
| क. | स्मरणशक्ति (Memory) | | | |
| ख. | एकाग्रता (Concentration) | | | |
| ग. | भाषा विकास (Speech Development) | | | |
| घ. | भोक / पाचनशक्ति (Appetite/Digestion) | | | |
| ङ. | निद्रा (Sleep Quality) | | | |
| च. | रोग प्रतिरोध क्षमता (Immunity) | | | |
| छ. | आचरण / व्यवहार (Behavior) | | | |
| ज. | सामाजिक अन्तरक्रिया (Social Interaction) | | | |
| झ. | शारीरिक वृद्धि (Physical Growth) | | | |
| ञ. | मानसिक चञ्चलता / स्थिरता (Mental Alertness)<br><br>**२.२.स्वर्णप्राशन मूल्याङ्कन ढाँचा (Evaluation Format)**<br><br>यो फारम स्वर्ण बिन्दु प्राशनपछि बालबालिकामा देखिनेलाभहरूको मूल्याङ्कन गर्न प्रयोग गरिन्छ। हरेक सूचकको मूल्याङ्कन १ देखि ५ स्केलमा गर्नुपर्छ।<br><br>मूल्याङ्कन स्केलः<br>५ - अत्यन्त सुधार<br>४ - राम्रो सुधार | | | |

३ - मध्यम सुधार
२ - न्यून सुधार
१ - कुनै सुधार छैन

| क.सं. | सूचक (Indicator) | मूल्याङ्कन (१—५) | टिप्पणीहरू |
|---|---|---|---|
| क | स्मरणशक्ति (Memory) | ☐ १☐ २ ☐ ३☐ ४ ☐ ५ | |
| ख | एकाग्रता (Concentration) | ☐ १☐ २ ☐ ३☐ ४ ☐ ५ | |
| ग | भाषा विकास (Speech Development) | ☐ १☐ २ ☐ ३☐ ४ ☐ ५ | |
| घ | भोक / पाचनशक्ति (Appetite / Digestion) | ☐ १☐ २ ☐ ३☐ ४ ☐ ५ | |
| ङ | निद्रा (Sleep Quality) | ☐ १☐ २ ☐ ३☐ ४ ☐ ५ | |
| च | रोग प्रतिरोध क्षमता (Immunity) | ☐ १☐ २ ☐ ३☐ ४ ☐ ५ | |
| छ | व्यवहार / आचरण (Behavior) | ☐ १☐ २ ☐ ३☐ ४ ☐ ५ | |
| ज | सामाजिक | ☐ १☐ २ | |

| | | | |
|---|---|---|---|
| | अन्तरक्रिया (Social Interaction) | ☐ ३☐ ४<br>☐ ५ | |
| झ | शारीरिक वृद्धि (Physical Growth) | ☐ १☐ २<br>☐ ३☐ ४<br>☐ ५ | |
| ञ | मानसिक चञ्चलता / स्थिरता (Mental Alertness) | ☐ १☐ २<br>☐ ३☐ ४<br>☐ ५ | |

मूल्याङ्कन मितिः ____________________

मूल्याङ्कन गर्ने व्यक्तिको नामः ____________________

अन्य टिप्पणीहरू:

...........................................................................

........

........................................................................

## अनुसूची-४ सँग सम्बन्धित मार्गदर्शिका

## स्वर्ण बिन्दु प्राशन मूल्याङ्कन मार्गदर्शिका (Evaluation Guide)

यो दस्तावेज स्वर्ण बिन्दु प्राशनपछि बालबालिकामा देखिने सम्भावित लाभहरूको मूल्याङ्कन कसरी गर्ने भन्ने स्पष्ट मार्गदर्शन दिन तयार गरिएको हो।

### सूचकहरू र मूल्याङ्कन विधि (Indicators and Evaluation Methods)

| क्र.सं. | सूचक (Indicator) | मूल्याङ्कन विधि (Evaluation Method) |
|---|---|---|
| क | स्मरणशक्ति (Memory) | बच्चाले सिकेको कुरा सम्झिने अवधि परीक्षण (e.g., कविता, वस्तु)। |
| ख | एकाग्रता (Concentration) | ध्यान दिन सक्ने समय र निरन्तरता मापन (चित्र, खेल)। |
| ग | भाषा विकास (Speech Development) | उमेर अनुसार शब्दावली प्रयोग, वाक्य बनाउने क्षमता अवलोकन। |
| घ | भोक / पाचनशक्ति (Appetite / Digestion) | भोजन प्रतिको रुचि, अपच / पखालाको उपस्थिति अवलोकन। |
| ङ | निद्रा (Sleep Quality) | निद्राको अवधि, रातिको अवरोधबिना निद्रा गुणस्तर रिपोर्ट। |
| च | रोग प्रतिरोध क्षमता (Immunity) | मासिक रोगहरूको संख्या, औषधि प्रयोगमा कमी। |
| छ | व्यवहार / आचरण (Behavior) | रिस, डर, अनुशासनमा सुधार सम्बन्धी रिपोर्ट। |
| ज | सामाजिक अन्तरक्रिया (Social Interaction) | साथी बनाउने, समूहमा सहभागिता गर्ने क्षमताको अवलोकन। |
| झ | शारीरिक वृद्धि (Physical Growth) | तौल र उचाइ नियमित मापन (Growth chart अनुसार)। |
| ञ | मानसिक चञ्चलता / स्थिरता (Mental Alertness) | नयाँ चीजप्रति सतर्कता र प्रतिक्रिया समयको अवलोकन। |

मूल्याङ्कन हरेक महिना गरिनुपर्नेछ। पूर्व र पश्चात विवरण भर्नुहोस् र अभिभावक वा शिक्षकको रिपोर्ट समेत संलग्न गर्नु लाभदायक हुन्छ।

## स्वर्ण बिन्दु प्राशन मूल्याङ्कन स्केल (१—५ स्तर)

(Evaluation Scale for Indicators in Nepali)

| मूल्याङ्कन स्तर | विवरण (सामान्य व्याख्या) |
|---|---|
| **५ - अत्यन्त सुधार** (Excellent) | सम्बन्धित क्षेत्रमा स्पष्ट, नियमित, र अत्यधिक सुधार देखिन्छ। उमेर अनुसार वा त्योभन्दा राम्रो प्रदर्शन। |
| **४ - राम्रो सुधार** (Good) | उल्लेखनीय सुधार देखिन्छ तर अझै केही ठाउँ बाँकी छ। उमेर अनुसारको सामान्य स्तरमा पुग्दैछ। |
| **३ - मध्यम सुधार** (Average) | सामान्य सुधार देखिएको छ तर स्थायित्व वा निरन्तरताको कमी छ। उमेरअनुसार सामान्य भन्दा अलिक तल। |
| **२ - न्यून सुधार** (Below Average) | न्यून सुधार मात्र देखिएको छ। अपेक्षित स्तरभन्दा तल। सक्रिय प्रयास आवश्यक। |
| **१ - कुनै सुधार छैन** (No Improvement) | कुनै स्पष्ट परिवर्तन वा सुधार देखिँदैन। थप मूल्याङ्कन वा हस्तक्षेप आवश्यक। |

### सूचक अनुसार मूल्याङ्कन विवरण (Detailed per Indicator):

**क. स्मरणशक्ति** (Memory)

५: लामो समयसम्म कुरा सम्झने, कविता/गन्ती सजिलै दोहोर्याउने।
४: धेरै कुरा सम्झिन्छ, थोरै दोहोर्याएर सिक्छ।
३: केही कुरा सम्झन्छ तर चाँडै बिर्सन्छ।
२: सिकेको चाँडै विर्सन्छ, दोहोर्याउन धेरै समय लाग्छ।
१: नयाँ कुरा सम्झन गाह्रो, प्रायः बिर्सन्छ।

**ख. एकाग्रता** (Concentration)

५: लामो समयसम्म ध्यान केन्द्रित गर्न सक्छ (चित्र बनाउने, खेल खेल्ने)।
४: राम्रो ध्यान दिन्छ तर कहिलेकाहीं विचलित हुन्छ।
३: मध्यम स्तरको एकाग्रता, सजिलै विचलित हुन्छ।

२: छोटो समय ध्यान दिन्छ, ध्यान भंग धेरै हुन्छ।
१: ध्यान दिन सक्दैन, धेरै चञ्चल।

**ग. भाषा विकास** (Speech Development)

५: उमेरअनुसार वा बढी शब्द प्रयोग, पूर्ण वाक्य बनाउँछ।
४: राम्रो शब्द भण्डार, सामान्य वाक्य बनाउँछ।
३: सामान्य शब्द प्रयोग, वाक्य निर्माणमा कठिनाई।
२: कम शब्द प्रयोग, अस्पष्ट वाक्य।
१: बोल्न वा वाक्य बनाउन गाह्रो।

**घ. भोक / पाचनशक्ति** (Appetite / Digestion)

५: राम्रो भोक, अपच/पखाला बिल्कुल छैन।
४: नियमित भोक, कहिलेकाहीं हल्का अपच।
३: कहिलेकाहीं भोक लाग्दैन, अपच/ग्यासको समस्या।
२: कम भोक, नियमित अपच/पखाला।
१: बिलकुल भोक नलाग्ने, पाचन समस्या गम्भीर।

**ङ. निद्रा** (Sleep Quality)

- ५: समयमै राम्ररी सुत्ने, राति नबिझने।
- ४: सुत्ने समयमा सुत्छ, कहिलेकाहीं उठ्छ।
- ३: सुत्न समय लाग्छ, गहिरो निद्रा हुँदैन।
- २: बारम्बार उठ्ने, निद्रा अपुरो।
- १: निद्रा गाह्रो, बारम्बार अवरोध।

**च. रोग प्रतिरोध क्षमता** (Immunity)

- ५: बिरामी कमै पर्छ, औषधि प्रयोग नहुने।
- ४: सामान्य संक्रमण कहिलेकाहीं, छिटो निको हुन्छ।
- ३: महिनामा १-२ चोटि बिरामी, औषधि चाहिन्छ।

- २: प्रायः बिरामी, निको हुन समय लाग्छ।
- १: बारम्बार बिरामी, शरीर कमजोर।

**छ. व्यवहार / आचरण** (Behavior)

- ५: संयमित, मिलनसार, डर वा रिस नदेखिने।
- ४: सामान्यतया राम्रो व्यवहार, कहिलेकाहीं रिस/डर।
- ३: कहिले राम्रो, कहिले समस्या (रिस/डर)।
- २: असन्तुलित व्यवहार, चिच्याउने वा डराउने।
- १: अत्यधिक आक्रोश/डर, सामाजिक असन्तुलन।

**ज. सामाजिक अन्तरक्रिया** (Social Interaction)

५: साथी बनाउने, समूह गतिविधिमा खुशीसाथ भाग लिने।

४: साथी बनाउँछ, समूहमा सहभागिता राम्रो।

३: अलिक लजालु, साथी बनाउन समय लाग्छ।

२: समूहबाट अलग रहने, सहभागिता न्यून।

१: सम्पर्क गर्न नचाहने, सामाजिक समस्या।

**झ. शारीरिक वृद्धि** (Physical Growth)

५: उमेरअनुसार वा बढी उचाइ/तौल।

४: सामान्य वृद्धिदर।

३: वृद्धिदर सामान्यभन्दा अलिक कम।

२: वृद्धिदर ढिलो, नियमित मापन आवश्यक।

१: वृद्धि ठप्प/धेरै तल, हस्तक्षेप आवश्यक

**ञ. मानसिक चञ्चलता / स्थिरता** (Mental Alertness)

५: सधैं सतर्क, प्रतिक्रिया चाँडो दिन्छ।

४: सामान्य सतर्कता, प्रतिक्रिया सन्तोषजनक।

३: कहिलेकाहीं ढिलो प्रतिक्रिया।

२: ध्यान गाह्रो, प्रतिक्रिया ढिलो।

१: धेरै सुस्त, प्रतिक्रिया नगर्ने।

**नोटः**

यस मूल्याङ्कन स्केललाई मासिक रूपमा अभिभावक, शिक्षक वा स्वास्थ्यकर्मीले अवलोकन

तथा अभिलेख राख्न सकिन्छ। समयक्रममा हुने परिवर्तनलाई ट्र्याक गर्न चार्ट वा ग्राफ प्रयोग गर्न सकिन्छ।